# छात्राहरुको शैक्षिक, पारिवारिक र लैङ्गिक अवस्थाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्ष, दशौं पत्रको प्रयोजनको लागि प्रस्तुत शोध पत्र


शोधार्थी

नारायणी अधिकारी

परिक्षा रोल नं.: ४८०५६४/०६८

रोल नं.: १४/०६६

रजिष्ट्रेशन नं.: ६-१-२९७-७९-२००२



त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७४

# सिफारिस पत्र

पृथ्वीनारायण क्याम्पस समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पुर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री नारायणी अधिकारीले **"छात्राहरुको शैक्षिक, पारिवारिक र लैङ्गिक अवस्थाको अध्ययन"** नामक शिर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..................................

(उप.प्रा. तेजप्रसाद सुवेदी)

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस पोखरा

मितिः २०७४/१२

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीका लागि नारायणी अधिकारीद्वारा तयार गरी प्रस्तुत गरिएको **"छात्राहरुको शैक्षिक, पारिवारिक र लैङ्गिक अवस्थाको अध्ययन"** विषयको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

.......................................

(उप.प्रा. तेजप्रसाद सुवेदी)

.......................................

प्राध्यापक रामचन्द्र बराल

बाह्य परिक्षक

.......................................

प्राध्यापक विश्वकल्याण पराजुली

विभागीय प्रमुख

मितिः

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शासत्र संकाय अन्तर्गत समाजशास्त्र स्नातकोत्तर तहको द्वितीय वर्षको अध्ययन गर्दा अनिवार्य रुपमा लेख्नुपर्ने शोधपत्र हो । यस शोधपत्रमा समाजमा व्याप्त रहेको लैङ्गिक विभेदलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । यस शोधपत्रमा **"छात्राहरुको शैक्षिक, पारिवारिक र लैङ्गिक अवस्थाको अध्ययन"** मा अध्ययन अनुसन्धान गी शोधपत्र तयार गर्ने विभिन्न शैक्षिक निकाय तथा व्यक्तित्वहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग रहन गएको छ । सर्वप्रथम उहाँहरु प्रति म हृदयदेखी आभार प्रकट गर्दछु ।

समाजमा पुरातन अवस्थादेखी कायम रहेको लैङ्गिक विभेदले महिला र पुरुष बीच रहेको अन्तरबारे अध्ययन गर्ने मेरो इच्छा र चाहनालाई सम्मानित गुरुहरुको निर्देशन, सुझाव सरसल्लाह र प्रोत्साहनद्वारा पुरा गर्न स्नातकोत्तर तहको अध्ययन अन्तिम चरणमा आइपुगदा मलाई अत्यन्त खुशी र गर्वको महसुस भइरहेको छ । यो शोधपत्र पुरा गर्ने क्रममा विभिन्न प्रकारका कमि कमजोरीहरु पक्कै पनि हुन गएका होलान् । शोधकार्यको शिलशिलामा कुनैपनि कमी कमजोरीहरु नहोस् भन्ने उद्देश्यले आफुले प्राप्त गरेको सैद्धान्तिक ज्ञानको व्यवहारिक प्रयोगद्वारा यस शोधकार्यमा आफ्नो बुद्धि विवेक र क्षमता स्रोत र साधनले भ्याएसम्म मेहनत र प्रयास गरेकी छु । यो शोधपत्रमा शिर्षक अनुसार वास्तविक र यथार्थ रुपमा तयार पार्ने क्रममा आफ्नो बहुमुल्य र व्यस्त समय दिनुहुने पृथ्वीनारायण क्याम्पस समाजशासत्र विभागका प्रमुख आदरणीय गुरु प्रा.विश्वकल्याण पराजुली प्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै चरणवद्ध रुपमा सल्लाह सुझाव एवं निर्देशन दिनु हुने निरिक्षण आदरणीय गुरु तेजप्रसाद सुवेदी प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा शोधपत्र लेखनको कार्यलाई पुरा गर्नको लागि हौसला दिनुहुने श्रीमान् विश्वेश्वर भण्डारी, कम्प्युटरका कार्यक्रमहरुमा सहयोग पुऱ्याउनु हुने द क्रियटिभ कम्प्युटर, पोखरा-१, बगर, जनप्रकाश उच्च मा.वि.का भण्डारढिक प्लस टु मा छात्राहरु त्यसैगरी जनप्रिय बहुमुखी क्याम्पस सिमलचौरका स्नातक तहका छात्राहरु र पृथ्वीनारायण क्याम्पसमा भिमकालीपाटन अध्ययनरत स्नातकोत्तर तहमा छात्राहरु सुचनादाता विद्‍यार्थीहरु प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै उहाँहरुलाई धन्यवाद दिन चाहन्छु ।

नारायणी अधिकारी

# शोधसार

नेपाली समाज पितृसत्तामा आधारित भएको कारण महिला र पुरुषबीच सदैव विभेदको खाडल रहिरहेको छ । महिला र पुरुषबीचको विभेद अन्त्य गर्न र महिलाको हक र अधिकार प्राप्तिको लागि समाज विकासको अवधारणालाई अगाडी सार्नु पर्ने देखिन्छ । समाज विकासमा महिला र पुरुष दुवैको समान महत्व हुन्छ । विकासका क्रियाकलापमा एक पक्षिय रुपमा सञ्चालन गरेका समाज असन्तुलीत हुन पुग्दछ । समाजका आधारभूत संस्थाहरु समाज, परिवार, विवाह, नातागोत शैक्षिक संस्था, राजनितिकी संस्था, धार्मिक संस्था, सुचना तथा सञ्चार, राज्य वा सरकार जस्ता समाजका संस्थाबाट महिला र पुरुषको समान सहभागीतालाई अघि सार्नुपर्ने देखिन्छ । महिला र पुरुष विचमा रहेको असमानतालाई पहिचान गरी लैङ्गिक विकास हुनुपर्ने देखिन्छ ।

प्रस्तुत अध्ययन विश्लेषणका लागि माध्यमिक तह र क्याम्पस स्तरका छात्राहरुको पारिवारिक र शैक्षिक पक्षमा लैङ्गिक विभेदको अनुभव तथा अनुभुतीहरुलाई लैङ्गिक दृष्टिकोणको आधारित भएर प्रस्तुत गरिएको छ । छात्राहरुले परिवार भित्र निर्णय प्रक्रियामा रहेको सहभागिता, अभिभावकहरुले छोरा र छोरीमा गर्ने समान तथा असमान व्यहार छोरा र छोरीलाई दिइने स्वतन्त्रता छोरीहरु घरबाट बाहिर निस्किएर परिवारको पूर्व अनुमति विचको सम्वन्ध, शैक्षिक संस्था भित्र विषय छनौटको अवस्था, विद्यार्थीको शैक्षिक योग्यतालाई हेर्ने दृष्टिकोण आदि जस्ता पक्षलाई अन्ययनको केन्द्रविन्दुमा राखिएको छ ।

प्रस्तुत अध्ययन पोखरा लेखनाथ महानगरापलिका भित्रका माध्यमिक तह र क्याम्पस स्तरका छात्राहरुलाई नमुनाका रुपमा छनौट गरिएको छ । छनौटमा लेखनाथ भण्डारढिक जनप्रकाश उच्च मा.वि.बाट प्लस टु मा अध्ययनरत ३५ जना छात्रालाई छनौटमा समावेश गरिएको छ भने पोखरा उपत्यका भित्र सिमलचौरमा अवस्थित स्नातक तहका ३५ जना छात्रालाइ अध्ययनमा समावेश गरिएको छ भने पोखरा उपत्यकाकै भिमकालीपाटन बगर-१ मा अवस्थित पृथ्वीनारायण क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत ३५ जना छात्रा गरी जम्मा १०५ जना छात्रालाई सर्वेक्षण गरी गुणात्मक र परिणात्मक दुवै तथ्याङ्कको संकलन गरी विश्लेषण गरिएको छ । यस अध्ययनमा तथ्याङ्क विधिका रुपमा अवलोकन, अन्तरवार्ता, अनुसुची मुख्य सुचनादातासँगको अन्तरवार्ता जस्ता विधिको प्रयोग गरिएको छ । यस अध्ययन वर्णनात्मक र विवरणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी व्याख्या एवम् विश्लेषण

गरिएको छ । प्रस्तुत शोधपत्रमा प्राथमिक र द्वितीय दुवै खालको तथ्याङ्क संकलन गरिएको छ ।

अध्ययनको उद्देश्यमा परिवारको पूर्व अनुमति निर्णय प्रक्रियामा सहभागिता, विषय छनोटको अवस्था, शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण शिक्षण संस्थाका कार्यक्रममा सभागी, शिक्षककले छात्रा विद्यार्थीलाई हेर्ने दृष्टिकोण यसमा समावेश गरिएको छ । अनुसन्धानका क्रममा महिलाहरुले स्वइच्छाले अध्ययन गर्ने विषयको छनोट पुरुषको तुलनामा गर्न नसकेको, घरको कामकाज वा अन्य काममा व्यस्त हुने कारणले पनि प्राविधिक शिक्षा वा इच्छा अनुसारको विषय छनोट नगरी अन्य संकायमा अध्ययन गर्ने गरेको पाइयो । समाजका सामाजिक गतिविधिमा पनि कम सहभागिता देखियो भने समाजले महिलाको शैक्षिक योग्यतालाई सकरात्मक दृष्टिले हेरे पनि पुर्ण विश्वस्त हुन नसकेको यस अध्ययनमा देखिएको छ । यस अध्ययनलाई तालिकीकरण र वृत्रचित्र विधि मार्फत परिणाम निकालिएको छ ।

समग्रमा पहिले पहिले जस्तो लिङ्गका आधारमा विभेद गरिने विषयमा कमी देखिएको छ । अभिभावकले छोरा र छोरीमा गर्ने व्यवहारमा पनि कहिकतै समान रुप देखिएको पाइयो भने समाजको गतिविधिमा पनि महिलाको सहभागिता बढ्दो पाइएको छ । छोरीलाई पनि स्वइच्छाले पढ्न पाउने क्रम बढ्दो छ । उनीहरुलाई पनि प्राविधिक शिक्षामा जोड दिन थालिएको पाइएको छ । परिवारका निर्णय प्रक्रियामा पुरुषको तुलनामा महिलाको उपस्थिति कम रहे पनि संलग्नता भने बृद्धि भइरहेको छ । शिक्षण संस्थाका कृयाकलापमा पनि छात्राहरुको सहभागीताक्रम बढ्दो छ । छात्राहरुको धारणा भने छोरीलाई शिक्षामा जोड दिनुपर्ने भन्ने पाइएको छ । लाज, डर भन्दा पनि अलि साहस बढेको देखियो । अध्ययनका क्रममा विभेदहरुको स्वरुपमा परिवर्तन त भएका छन् तर विभेदका अवशेषहरु भने बाँकी रहेका छन् ।

# विषयसूची


| | | पाना नं. |
|---|---|---|
| सिफारिस पत्र | | ii |
| स्वीकृति पत्र | | iii |
| कृतज्ञताज्ञापन | | iv |
| शोधसार | | v |
| विषयसूची | | vii |
| तालिका सूची | | x |
| चित्र सूची | | xi |
| | अध्याय-एक<br>परिचय | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३. | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको महत्व | ४ |
| १.५ | अध्ययनको सीमा | ५ |
| १.६ | अध्ययनको संगठन | ५ |
| | अध्याय : दुई<br>साहित्यिक पुनरावलोकन | |
| २.१. | महिला शिक्षामा लैङ्गिक अवधारणा | ७ |
| | २.१.१ महिलावादी अवधारणा | ७ |
| | २.१.२ उदार महिलावाद | ७ |
| | २.१.३ मार्क्सवादी महिलावाद | ८ |
| | २.१.४ समाजवादी महिलावाद | ८ |
| २.२ | सामाजिक लिङग विकासमा मुद्धाका रूपमा | ८ |
| | २.२.१ शिक्षा र समाजशास्त्र | ९ |
| | २.२.२ लैङ्गिक र आर्थिक | ९ |
| | २.३.३ लैङ्गिक र शिक्षा | १० |

२.३ पुर्व साहित्य समिक्षा ११

२.३.१ लैङ्गिक विभेद १२

२.३.२ विकासमा महिला १५

२.३.३ महिला र विकास १६

अध्याय-तीन

अनुसन्धान पद्धती

३.१ अध्ययन क्षेत्रको औचित्य १७

३.२ अनुसन्धान ढाँचा १७

३.३ सुचनाको प्रकृति र स्रोत १८

३.३.१. प्राथमिक सुचना १८

३.३.२ द्वितीय सुचना १८

३.४ अध्ययनको समग्रता र नमूना छनौट १८

३.५ तथ्याङ्क संकलन विधि १९

३.५.१ अन्तरवार्ता अनुसूची १९

३.५.२ अवलोकन १९

३.५.३. मुख्य सुचनादातासँगको अन्तरवार्ता १९

३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विशलेषण २०

अध्याय-चार

अध्ययन क्षेत्रको सामाजिक जनसांङ्ख्यिक अध्ययन

४.१ उत्तरदाताको जनसांख्यिक विवरण २२

४.२ वैवाहिक स्थिति २३

४.३ उत्तरदाता छात्राहरुको पारिवारिक विवरण २४

४.४ पारिवारिक संख्याको विवरण २४

४.५ परिवारमा आम्दानीका स्रोतहरु २५

४.६ उत्तरदाताको बुबा आमाको शैक्षिक विवरण २६

४.७ उत्तरदाताको बुबाको पेशा २६

४.८ उत्तरदाताको आमाको शैक्षिक योग्यता २७

४.९ उत्तरदाताको आमाको पेशा २८

४.१० परिवारमा पढ्नको लागि प्रेरणा दिने २८

४.११ परिवारमा असमान अधिकारको अवस्था ३०

४.१२ परिवारमा समान पक्षको अधिकार ३०

४.१३ शैक्षिक संस्था भित्र संकायमा उपस्थिति ३१

अध्याय-पाँच

परिवार, समाज र शैक्षिक संस्थामा लैङ्गिक विभेदको अनुभव

५.१ पारिवारिक निर्णय प्रक्रिया र छात्राहरुको अनुभव ३३

५.२ पारिवारिक निर्णय प्रक्रिया सहभागी ३४

५.३ परिवारमा निर्णय अधिकार ३४

५.४ सामान खरिद गर्ने अनुमती ३५

५.५ साथी ल्याएर राख्न पाउने व्यवस्था ३६

५.६ विद्यार्थीले अध्ययन गर्ने विषयको छनोट ३६

५.७ शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण ३७

५.८ अध्ययन गर्ने संस्थाका कार्यक्रममा सहभागी ३८

५.९ शिक्षण सिकाइमा शिक्षकले छात्राहरुलाई हेर्ने दृष्टिकोण विवरण ३९

५.१० सामाजिक गतिविधिमा छात्राहरुको संलग्नता ३९

५.११ छात्राहरुलाई दिनुपर्ने महत्वपूर्ण पक्ष ४०

अध्याय : ६

अध्ययनको सारांश र निष्कर्ष

६.१ अध्ययनको सारांश ४२

६.२ मुख्य प्राप्तीहरु ४३

६.३ निष्कर्ष ४६

सन्दर्भ सुची

अनुसूची-१

# तालिका सूची


| | | पाना नं. |
|---|---|---|
| ४.१ | उत्तरदाताको शैक्षिक योग्यता विवरण | २२ |
| ४.२ | उत्तरदाता छात्राहरुको विवाह सम्वन्धी विवरण | २३ |
| ४.३ | उत्तरदाता छात्राहरुको पारिवारिक विवरण | २४ |
| ४.४ | उत्तरदाताको पारिवारिक संख्या विवरण | २४ |
| ४.५ | परिवारमा आम्दानीका स्रोतहरु | २५ |
| ४.६ | उत्तरदाताको बुबाको शैक्षिक योग्यता | २६ |
| ४.७ | उत्तरदाताको बुबाको पेशा सम्वन्धी विवरण | २७ |
| ४.८ | उत्तरदाताको आमाको शैक्षिक योग्यता सम्वन्धी विवरण | २७ |
| ४.९ | उत्तरदाताहरुको आमाको पेशा | २८ |
| ४.१० | शिक्षामा प्रेरणा दिने स्रोतहरु | २९ |
| ४.११ | असमान अधिकारको अवस्था | ३० |
| ४.१२ | परिवारमा समान पक्षको अधिकार अवस्था | ३१ |
| ४.१३ | महिला विद्यार्थीको संकायमा उपस्थिति | ३१ |
| ५.१ | घर बाहिर जाँदा परिवारको पूर्व अनुमति लिनुपर्ने अवस्था | ३४ |
| ५.२ | पारिवारिक निर्णय प्रक्रियामा सहभागी विवरण | ३४ |
| ५.३ | परिवारमा निर्णय अधिकार | ३५ |
| ५.४ | सामान खरिद गर्ने अनुमति | ३५ |
| ५.५ | साथी ल्याएर राख्न पाउने सम्वन्धी विवरण | ३६ |
| ५.६ | विषय छनोटमा निर्णय अधिकार | ३७ |
| ५.७ | शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण | ३८ |
| ५.८ | अध्ययन गर्ने संस्थाको कार्यक्रममा सहभागी | ३८ |
| ५.९ | शिक्षण सिकाइमा शिक्षकले छात्राहरुलाई हेर्ने दृष्टिकोण विवरण | ३९ |
| ५.१० | सामाजिक गतिविधिमा महिलाको संलग्नता | ४० |
| ५.११ | छात्राहरुलाई दिनपर्ने महत्वपूर्ण पक्ष | ४० |

# चित्र सूची


| | | पाना नं. |
|---|---|---|
| ४.१ | परिवारमा आम्दानीका स्रोतहरु | २५ |
| ४.२ | उत्तरदाताको शिक्षामा प्रेरणाको स्रोतहरु | २९ |
| ४.३ | विषय छनौट गर्दा देखाउने बृत्तचित्र | ३७ |